# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२] काठमाडौं, आश्विन ५ गते २०२६ साल [अतिरिक्तांक ३० (ख)

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२६ सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## जग्गा (नाप जांच) ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– जग्गा (नाप जांच) ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र बीर बिक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "जग्गा (नाप जांच) (दोश्रो संशोधन) ऐन, २०२९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा २ मा संशोधन:– मूल ऐनको दफा २ को खण्ड (ख), (ग) र (घ) को सट्टा देहायको खण्ड (ख), (ग) र (घ) राखिएको छ:–

"(ख) "जग्गावाला" भन्नाले प्रचलित नेपाल कानून बमोजिम जग्गामा जग्गाधनी हक हुने व्यक्ति सम्झनुपर्छ।

(ग) "मोही" भन्नाले अरू जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने व्यक्ति सम्झनुपर्छ।

(घ) "पटवारी" भन्नाले जग्गा वा घर धुरीको श्रेस्ता राखी सो बमोजिम मालपोत वा अरू तिरो तहसील गर्ने सबैलाई सम्झनुपर्छ।"

३. मूल ऐनको दफा ३ मा संशोधन:– मूल ऐनको दफा ३ को उपदफा (३) र (४) को सट्टा देहायको उपदफा (३) र (४) राखिएको छ:–

"(३) जग्गा नापी वा जाँचको लागि कुनै जग्गामा त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा गर्न र नापी गर्ने जुनसुकै साधनलाई प्रयोगमा ल्याउन सकिनेछ।

(४) उपदफा (१) अनुसारको आदेश जारी भएपछि नापी वा जांच गर्ने सर्भे गोश्वाराले नापी वा जांच गरिने क्षेत्रमा नापी शुरू गरिने मिति र सो कामको लागि आफूलाई चाहिने श्रेस्ता उपलब्ध गराइदिनको लागि सम्बन्धित जिल्लाको माल अड्डालाई सूचना दिनु पर्नेछ।"

४. मूल एनको दफा ३ पछि थप:– मूल ऐनको दफा ३ पछि देहायको दफा ३ क. थपिएको छ:–

"३ क. जिमिदार पटवारीको सामान्य कर्तव्य:– (१) सम्बन्धित जग्गाको माल अड्डाले तोकिदिएको म्यादभित्र जिमिदार पटवारीले आफ्नो जिम्मा श्रेस्ता भएको जग्गाको कित्ता नम्बर समेतको विस्तृत बिवरण खुलेको श्रेस्ता तयार गरी सम्बन्धित माल अड्डामा बुझाई दिनुपर्नेछ।

२८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आफ्नो मौजाको सम्बन्धित पंचायतमा नापी वा नक्सा वा त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा गर्ने काम थालिएमा सो काम शुरू भएदेखि समाप्त नभएसम्म जिमिदार, पटवारी वा निजहरूको प्रतिनिधिले नापी डोरले चाहेका बखत उपस्थित रही मद्दत गर्नुपर्छ ।"

५. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ को खण्ड (ग) लाई (घ) गरी देहायको खण्ड (ग) राखिएको छः–

"(ग) एउटै गाउँ वा नगर पंचायतभित्र बिभिन्न क्षेत्रफल इकाई कायम भैरहेकोमा त्यस पंचायतमा खण्ड (क) र (ख) मध्ये जुन क्षेत्रफल इकाईको जग्गा बढी हुन्छ सोही क्षेत्रफल इकाई मात्र कायम गरिनेछ ।"

६. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६. सूचना दिने र जग्गामा प्रवेश गरी काम शुरू गर्नेः– (१) कुनै जग्गामा त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा गर्न परेमा वा कुनै जग्गा नापी वा जांच गर्न परेमा कमसेकम पन्ध्र दिन अगावै त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा हुने वा नापी वा जांच हुने जग्गाको जग्गावाला, मोही, संधियारहरू, सम्बन्धित जिमिदार, पटवारी र पंचायतलाई सूचना दिनुपर्छ ।

स्पष्टिकरणः– यस उप–दफाको तात्पर्यको लागि कुनै जग्गावाला, मोही, संधियार, जिमिदार र पटवारीलाई सूचना दिंदा त्यसरी त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा हुने वा नापी वा जांच हुने जग्गा भएको क्षेत्रको वा सो जग्गावाला वा मोही बसेको क्षेत्रको धेरै जनाको आवत जावत हुने मुख्य ठाउंहरूमा सो कुराको सूचना टांसी दिनु पर्याप्त हुनेछ ।

तर पंचायतलाई लिखित सूचना दिनुपर्छ ।

(२) कुनै जग्गामा त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा गर्दा वा जग्गा नापी वा जांच गर्दा जग्गावाला वा निजको प्रतिनिधि, मोही, सम्बन्धित जिमिदार, पटवारी, संधियार र सम्बन्धित पंचायतको प्रतिनिधि समेत राखी गरिनेछ ।

तर उपदफा (१) बमोजिमको सूचनाले दिएको म्यादभित्र कुनै जग्गावाला वा निजको प्रतिनिधि सो जग्गा कमाउने मोही वा संधियार उपस्थित हुन नआएमा सो जग्गा भएको क्षेत्रको जिमिदार वा निजको प्रतिनिधि वा पटवारी वा स्थानीय पंचायतको प्रतिनिधिलाई राखी त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा गर्न वा नापी गर्न वा जाँच गर्न सकिनेछ ।

284
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कुनै जग्गामा त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा गर्दा वा जग्गा नापी वा जांच गर्दा सो कार्यको लागि आवश्यक स्थायी वा अस्थायी भूचिन्ह (लैण्डमार्कहरू), स्तम्भहरू (मनुमेण्टहरू) वा दीपस्तम्भ (विकनहरू) राख्न वा गाड्न र दृश्य-रेखा हेर्न वा साफ गर्न झाडी वा कुनै रूखको हांगा काट्न सकिनेछ।

(४) कुनै जग्गामा त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा गरिएमा त्यसरी स्थान खडा गर्दा लागेको जमिनको क्षेत्रफल समेत खोली श्रेस्तामा जनाउनुपर्छ र सो जग्गाको जग्गावालाको जग्गाधनी प्रमाण पूर्जा र मोही भए मोहीको जोताहाको निस्सा समेतमा सो व्यहोरा उल्लेख गरी दिनुपर्छ।

स्पष्टीकरणः– त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) भन्नाले यसको बीचको भूचिन्ह (लैण्डमार्क) देखि चारैतर्फ १.५५ मिटर सम्मको जमिन समेत सम्झनुपर्छ।

(५) जग्गा नापी वा जांच हुंदा जग्गावालाले आफ्नो हक भोगको प्रमाणसाथ आफै वा आफ्नो प्रतिनिधि पठाई आफ्नो जग्गा दर्ता गराउनुपर्छ। परम्परादेखि दर्ता वा तिरो नभएको जग्गाको जग्गावालाले भोगको आधारमा दर्ता गराउन आएमा त्यसरी दर्ता गराउन आएको जग्गाको पंचायत, वडा, चारकिल्ला र दर्ता गराउन आएको व्यक्तिको नाम, ठेगाना खोली सो उपर कसैको कुनै उजूर भए एक्काइस दिनभित्र नापी डोरमा उजूर गर्न पाउने व्यहोरा समेत खोली सो जग्गाको मोही, सांध संधियार समेत धेरै जनाको आवत जावत हुने मुख्य ठाउंहरूमा सूचना टांसी जिल्ला र स्थानीय पंचायतलाई लिखित सूचना समेत गरी कुनै उजूर नपरेमा नापी डोरले आवश्यक जांच बुझ गरी सो जग्गा निजको नाउंमा दर्ता गर्न सक्नेछ। उजूर परेमा नापी डोरले आवश्यक जांच बुझ गरी आफ्नो ठहर साथ श्री ५ को सरकारले तोकेको समिति अथवा व्यक्ति छेउ जाहेर गरी भएको निकाशा बमोजिम गर्नु पर्नेछ।

(६) उपदफा (५) अनुसार नापी वा जांच हुंदा जग्गा दर्ता नगराउने वा प्रतिनिधि पनि नपठाउने जग्गावाला र मोहीलाई जग्गा दर्ता गर्न आउन पन्ध्र दिनमा नबढाई दोश्रो पटक सम्बन्धित पंचायतमा सूचना प्रकाशित गरिने छ। सो म्यादभित्र दर्ता गराउन आउने जग्गावाला र मोहीलाई निजको हक भोगको प्रमाण भिडेमा र परम्परादेखि दर्ता वा तिरो नभएको जग्गाको जग्गावालाले भोगको आधारमा दर्ता गराउन आएकोमा आवश्यक जांच बुझ गरी तोकिएको अधिकारीले पांच रूपैयां जरिवाना गरी सो जग्गा दर्ता गर्न सक्ने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यसबमोजिम दोश्रो पटक दिइएको म्यादभित्र पनि उपस्थित नहुने वा आफ्नो प्रतिनिधि पनि नपठाउने जग्गावालाको जग्गा सो ठाउंमा जिमिदार पटवारी भए निजहरू वा निजहरूको प्रतिनिधिको अतिरिक्त सो जग्गा भएको सम्बन्धित पंचायतका दुई जना प्रतिनिधिहरू राखी निजहरूले देखाएका सम्बन्धित जग्गावालाको नाउंमा दर्ता गर्न सकिनेछ ।

(७) कुनै जग्गा नापी वा जांच हुंदा दुई वा दुई भन्दा बढी व्यक्तिहरूको बीच हक भोग वा तेरो मेरो सम्बन्धी प्रश्न उठेमा सो कुरामा अदालतबाट अन्तिम निर्णय भए बमोजिम सम्बन्धित व्यक्तिको नाउंमा दर्ता हुनेछ । तर पंचायत वा वडाको सांध सिमानाको झगडा तोकिएको अधिकारीले निर्णय गर्न सक्ने छ ।"

७. मूल ऐनको दफा ६ पछि थप:– मूल ऐनको दफा ६ पछि देहाएको दफा ६ क. र ६ ख. थपिएको छः–

"६क. क्षतिपूर्ति दिइने:– कुनै जग्गामा त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा गरिएमा सो जग्गाको जग्गावाला र मोहिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिइनेछ ।"

"६ख. जग्गावाला र मोहीको सामान्य जिम्मेवारी:– (१) त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा गरिएको जग्गामा मोही भए मोहीले र मोही नभए जग्गावालाले सो त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) को रक्षा गर्न सबै मनासिब माफिकको काम गर्नुपर्छ ।

(२) दैवी परेकोमा बाहेक त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) लाई कुनै किसिमले हानी नोक्सानी भएमा वा सारेमा वा भत्काएमा वा बिगारेमा अन्यथा प्रमाणित नभएसम्म उपदफा (१) बमोजिम जिम्मेवारी भएको व्यक्तिले सो त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) लाई हानी गरेको वा सारेको वा भत्काए वा बिगारेको मानिनेछ ।"

८. मूल ऐनको दफा १० मा संशोधन:– (१) मूल ऐनको दफा १० को भिट वा पाखो सम्बन्धित खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः–

"(घ) सार्वजनिक चरन बाहेक खर लगाउन वा वस्तु चर्न राखेको जग्गा भिट वा पाखो बाहार हुन्छ ।"

(२) मूल ऐनको दफा १० लाई उपदफा (१) गरी देहायको उपदफा (२) थपिएको छ :–

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको चार किल्ला भित्रको शहरी क्षेत्रको जग्गाको किसिम तोकिएको तरिकाले छुट्टयाइनेछ ।"

229

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मूल ऐनको दफा १० पछि थप:– मूल ऐनको दफा १० पछि देहायको दफा १० क. थपिएको छः–

"१० क. साधारण व्यवस्थाः– यस ऐनबमोजिम माल अड्डा वा जिमिदार पटवारीले गर्नु पर्ने काम कर्तव्य सो अड्डा वा पद खारिज भएमा त्यस्तो खारिज भएको अड्डा वा पदको काम कर्तव्य गर्ने अड्डा वा व्यक्तिले गर्नु पर्नेछ।"

१०. मूल ऐनको दफा १२ मा संशोधनः– (१) मूल ऐनको दफा १२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) जग्गा नापी वा जांच वा त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा गर्दा कसैले रोक छेक चिन्ह बिगारी, जनतालाई भडकाई वा हुल हुज्जत गरी वा अरू कुनै किसिमले नापी वा जांच वा त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) खडा गर्ने काममा बाधा गरे गराएमा त्यस्तो बाधा गर्ने गराउने व्यक्तिलाई तोकिएको अधिकारीले पहिलो पटक पचास रूपैयांसम्म, दोश्रो पटक पचास देखि एक सय रूपैयां र तेश्रो पटक एक सय देखि पांच सय रूपैयां जरिवाना वा छ महीना कैद वा दुबै सजाय गर्न सक्नेछ।"

(२) मूल ऐनको दफा १२ को उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थपिएको छः–

"(३) दफा ३ क. अनुसार म्यादभित्र श्रेस्ता तयार गरी नबुझाउने जिमिदारलाई पांचसय रूपयांसम्म, पटवारीलाई तीनसय रूपैयांसम्म र उपस्थित नहुने वा आफ्नो प्रतिनिधि नपठाउने जिमिदार पटवारी प्रत्येकलाई प्रति दिनको अनुपस्थितिको लागि पांच रूपयांसम्म माल अड्डाको हाकिमले जरिवाना गर्न सक्नेछ।

(४) कसैले नापी विभागको स्वीकृति बेगर त्रिकोणमितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन) लाई सारेमा वा भत्काएमा वा बिगारेमा वा अन्य कुनै किसिमले हानी नोक्सानी गरेमा निजलाई तोकिएको अधिकारीले नोक्सानी भएको रकम र त्रिकोणमितीय स्थान (त्रिगोनोमेट्रिकल स्टेशन) पुनः खडा गर्दा वा मिलाउंदा लाग्ने सम्पूर्ण खर्च असूल उपर गरी एक हजार रूपैयांसम्म जरिवाना गर्न सक्नेछ। यस सम्बन्धमा झुट्टा उजूर गर्ने व्यक्तिलाई तोकिएको अधिकारीले त्यस्तो झुट्टा उजूरीबाट हुनगएको खर्चको रकम निजबाट असूल उपर गरी पांचसय रूपैयांसम्म जरिवाना गर्न सक्नेछ।"

११. मूल ऐनको दफा १३ मा संशोधनः– मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः–

"१३. पुनरावेदनः– दफा १२ अन्तर्गत तोकिएको अधिकारी वा माल अड्डाको हाकिमले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो भए गरेको मितिले पैंतीस दिनभित्र सम्बन्धित अंचल अदालतमा पुनरावेदन गर्न सक्नेछ।"

लालमोहर सदर मिति– २०२९।६।५।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।